November 2014

# TODAY

(NEWSLETTER OF EURASIA REIYUKAI)

Year : 2, Vol. 17 www.eurasiareiyukai.com

महागुरु काकुतारो कुबोज्यूको ७१औं पुण्यतिथि स्मरण समारोह १८ नोभेम्बर २०१४ का दिन आफ्नो मिहाता शाखा एवं समाज विकास केन्द्रमा सदस्यहरु सँग-सँगै सहभागी भई महागुरुज्यू प्रति कृतज्ञता फर्काऔं ।

## यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूले विभिन्न भेलाहरुमा प्रदान गर्नुभएको मार्गनिर्देशन



- हामीहरु सबैसँग हिरा जस्तो महत्वपूर्ण खजाना छ, त्यो कृतज्ञता हो, यो नै रेयूकाई शिक्षाको वेश हो । यसलाई कार्यान्वयन गरी कार्यान्वयन गराउने मौका पाई स्टेप अप हुने मौका पाएर मात्र माफीको भावना जागृत हुन्छ ।

- हामीहरुले अभिभावकबाट जीवन र शरीर प्राप्त गर्ने मौका पायौं भने पुर्खाहरुबाट पाएको कर्मको सम्बन्ध बोकिरहेका छौ । यो संसारलाई बचाउन हामीहरु मानवको रुपमा जन्मने मौका पाएर महत्वपूर्ण जिम्मेवारी कर्तव्य लिएर जन्मने मौका पाएका छौं ।

- कृतज्ञ भई अभ्यास गर्ने मौका पाउने, कृतज्ञ भई कार्यान्वयन गरी कार्यान्वयन गराई कृतज्ञताको परिणामलाई देखा पारौं ।

- माछा पानी भित्र भएता पनि आफू पानी भित्र छु भन्ने महशुस हुँदैन र त्यसप्रति कृतज्ञ पनि हुँदैन । त्यस्तै मानिसहरु हावाभित्र छौं । तर पनि आफू हावा भित्र भएको कुरा महशुस छैन र त्यसप्रति कृतज्ञ पनि छैनौं । हामीहरु पनि बुस्सोगोनेनको शिक्षाको म्यो हो को संसार भित्र छौ तर पनि हामीहरुलाई महशुस छैन र त्यसप्रति कृतज्ञ पनि छैनौं । त्यसैले हामीहरु कृतज्ञताको भावना लिएर अभ्यास गर्ने मौका पाउनु पर्दछ । कृतज्ञ हुन सिकाउने शिक्षा नै रेयूकाई शिक्षा हो ।

- हामीहरुमा षडइन्द्रिय छ । ती षड्इन्द्रियहरुबाट कुनैबाट बाहिर निस्कन्छ कुनैबाट भित्र पस्ने हुन्छ । मुखबाट निस्कने, आँखा, कान र नाकबाट पस्ने हुन्छ । त्यसैले भित्र प्रवेश गरेको कुराहरुलाई मनरुपी फिल्टरमा छान्ने मौका पाई सही निर्णय गर्ने शक्ति अर्थात् ज्ञान प्राप्त हुन्छ । त्यो ज्ञान नै बुद्ध ज्ञान हो ।

- जीवन र भाग्य विकासको लागि हाम्रा गुरु आन् न्यू ग्यो तोकु जेन् शी र गुरु को रोकु ज्यू तोकु जेन् न्योज्यूको शिक्षाको रगत हामीमा प्रवाह भएको छ । तसर्थ शिक्षाको क्याल्सीयमलाई सदस्यहरु समक्ष प्रवाह गर्ने मौका पाई मिचिबिकी कार्य गर्ने मौका पाई संचित पुण्यफललाई कृतज्ञता सहितको गुण फर्काउने मौका पाउनु पर्दछ । त्यसैले कृतज्ञताको भावनाले यो संसारलाई बचाएर समाजमा सदुपयोग हुने ब्यक्ति आजको आफू बनेर अरुलाई पनि आजको आफू बनाउने मौका पाउनु पर्दछ । यो नै मिलियन अभियान हो ।

- जसरी आमाले बच्चा जन्माएर बच्चालाई हुर्काउँदै आफू पनि हुर्किने मौका पाईरहेको हुन्छ । तसर्थ आमा पनि बच्चाको अस्तित्वप्रति कृतज्ञ हुनु पर्दछ । त्यसरी नै सदस्यहरु हुर्काउदै गए अनुरुप ओया पनि संगसगै हुर्किदै जान्छ । ओयाले सदस्यहरुबाट धेरै कुराहरु सिकिरहेको हुन्छ । त्यसैले सदस्यलाई गुरुको रुपमा लिएर आफू हुर्किने मौका पाएकोप्रति कृतज्ञ हुन सिकाउने नै रेयूकाई शिक्षा हो ।

- आध्यात्मिक संसारमा रहनु भएका पुर्खाहरुले उज्यालो चाहिरहनु भएको छ । तसर्थ भरखरै सदस्य बनेको घरमा सोकाईम्योलाई रत्नस्तुपाको रुपमा स्वागत गर्ने मौका पाएपछि त्यसबाट आध्यात्मिक संसारसम्म पुग्ने सियोको मसिनो टुप्पो जतिको मोटाइको प्रकाश रिफ्लेक्ट भएर आध्यात्मिक संसारसम्म पुग्दछ । अनि त्यो प्रकाश लाई हेरेर त्यस सोकाईम्योसँग कर्मको सम्बन्ध गाँसिएका असंख्य पुर्खाहरु त्यो प्रकाशलाई हेरेर सोकाईम्योमा विराजमान हुन पाउनु हुन्छ । अनि मिचिबिकी गरी सोकाईम्योलाई स्वागत गरी पूर्खाविहीमा पुर्खाहरुलाई स्वागत गरिए अनुरुपको पुण्यफल संचित भई सियोको टुप्पाको मोटाई वृद्धि हुँदै गई आध्यात्मिक संसार अझ प्रकाशमय भएर आध्यात्मिक संसारमा रहनु भएका पुर्खाहरु वर्तमानमा आउने मौका पाउनु हुन्छ ।

- विश्वको वर्तमान स्थिति हेर्दा विश्वमा ४ किसिमको समस्या छन् ती जलवायू परिवर्तनको, समस्या, फलाम ईस्पात् कारखानामा कोइला बालेर निस्कने M२.५ को समस्या, इबोला रोगको समस्या र धर्मको नाममा मानवको निर्मम हत्या गरी आतङ्क फैलाएको समस्या । यसको नेङगान्को होम्योलाई कार्यान्वयन गर्ने मौका पाई आफु स्वयं सचेत भएर जनचेतना जगाएर यी समस्याहरुबाट मुक्त गराएर सन्ततीहरुलाई राम्रो संसार हस्तान्तरण गर्ने मौका पाउनु पर्दछ ।

## अन्तराष्ट्रिय शान्ति दिवसको अवसरमा बिभिन्न कार्यक्रम सम्पन्न

२१ सेप्टेम्बर २०१४ का दिन अन्तराष्ट्रिय शान्ति दिवसको अबसरमा एकदिन भए पनि छिटो बिश्व शान्ति होस भन्ने कामना गरि, विश्व शान्तिको लक्ष्य लिएर यूराशिया रेयूकाईले आफ्ना सम्पूर्ण मिहाता शाखा र समाज विकास केन्द्र, नेपाल, भारत, बंगलादेश र म्यानमारमा बिभिन्न कार्यक्रमहरु जस्तैः वृक्षारोपण, नागरिक सरसफाई, शान्ति र्‍यालि, द्विप प्रज्वलन एवं जनचेतना मूलक कार्यक्रमहरुको आयोजना गरि भब्य रुपमा सम्पन्न भयो ।



# श्रद्धाञ्जली समारोह सम्पन्न



स्वर्गीय कोतारो आदाची १४ सेप्टेम्बर २०१४ का दिन ५७ वर्षको अल्प आयूमै अध्यात्मिक संसारमा फर्कनु भयो। उहाँको सम्झनामा १७ सेप्टेम्बर २०१४ का दिन सम्पूर्ण मिहाता शाखा र समाज विकास केन्द्र नेपालगञ्जमा श्रद्धाञ्जली समारोह आयोजना गरियो। आदाचीज्यूले रेयूकाई जापान प्रधान कार्यालयको प्रतिनिधि भएर आफ्नो जीवनको २४ वर्ष नेपालमा रही यूराशिया रेयूकाईको विकासमा गम्भिरतापूर्वक, दत्तचित्त भई, उदारणीय बनेर सदस्य एवं लिडर्सहरुमा ठूलो गुण लगाउनु भएको थियो। उहाँ दयालु, इमान्दार र मिलनसार स्वभावको हुनुहुन्थ्यो।

## खुशीको अनुभव



नाम : श्री प्रमोद न्यौपाने
उपाधी : होजाशु
ओया : श्री माधव प्रसाद खतिवडा
क्षेत्र : भीमटार, सिन्धुपाल्चोक
यूराशिया रेयूकाई १५ औं शाखा

**सबैलाई नमस्कार**

सन् २००९ अगष्ट ९ तारिखमा, मेरो मिचिबिकी ओया माधव प्रसाद खतिवडा मार्फत रेयूकाई सदस्यता ग्रहण गर्ने मौका पाएको हुँ। सदस्यता ग्रहण गर्ने मौका पाएपछि ओयाज्यूको मार्गनिर्देशन अनुरुप विभिन्न भेलाहरुमा भाग लिने मौका पाएर नमस्कार, धन्यवाद र माफ गर्नुहोला भन्ने कुरा आफ्नो जीवनमा लागु गर्ने मौका पाएको छु। आफ्नो घरमा सोकाइम्यो स्थापना गरी आफ्ना सदस्यहरुको घरमा पनि सोकाइम्यो स्थापना गर्ने मौका पाई पूर्खास्मरण गर्ने महान् मौका पाइरहेको छु। आफुमा रहेको खराब चरित्रलाई परिशोधन गर्दै सिक्ने भावना,कृतज्ञताको भावना र माफीको भावनालाई आफ्नो जीवनमा लागु गर्दै आफ्नो सदस्यहरु सँगसँगै हुर्किदै जाने मौका पाइरहेको छु। गोहोम्यो आत्माग्रहण समारोहमा भाग लिने मौका पाएर १०० दिनको अभ्यास १०० दिनमै पुरा गर्ने मौका पाएर आफ्नै हातबाट आफ्ना सदस्यहरुको घरमा सोकाइम्यो स्थापना गर्ने मौका पाएको छु। विभिन्न भेलाहरुमा भाग लिने मौका पाउँदा विभिन्न मार्गनिर्देशन ग्रहण गर्दै आफुमा भएको ज्ञान र सिप सदस्यहरुलाई पनि सिकाउने मौका पाइरहेको छु। आफु युवा भएकोले यो देशमा जन्मन पाएकोमा गर्व गर्दै विदेश जाने युवालाई आफ्नै देशमा श्रम गरी आय आर्जन गर्दै देश प्रतिको कृतज्ञता फर्काउन उत्प्रेरित गर्ने मौका पाएको छु। विभिन्न क्षेत्रमा लागु औषधमा फसेर बसेको युवाहरुलाई रेयूकाई शिक्षा मार्फत् पटक पटक भेलामा सहभागी गराएर लागु औषध परित्याग गरी आफ्ना अभिभावक र समाज प्रतिको कृतज्ञता फर्काउन प्रेरित गर्ने मौका पाइरहेको छु। सरसफाईलाई आफुबाट लागु गरी विभिन्न संघ-संस्थासँग सहकार्य गर्दै गाउँ, टोल, बजारलाई सफा राख्दै आफ्ना सदस्यहरु सँगसँगै प्रकृति प्रतिको कृतज्ञता फर्काउने मौका पाइरहेको छु। आफ्नो र आफ्ना सदस्यहरुको गोहोजामा विराजमान गरिएको पूर्खावहीमा आध्यात्मिक संसारमा रहनुभएका ३०० भन्दा बढी पूर्खाहरुको होम्यो लेख्ने मौका पाई पुर्खाहरुप्रति कृतज्ञता फर्काउदै आध्यात्मिक संसारलाई बचाउने महान् कार्य गर्ने मौका पाईरहेको छु। हिँड मिलियन अभियानलाई हात खुट्टा शरीर प्रयोग गरी रेयूकाई शिक्षाको माध्यमबाट समाजलाई परिवर्तन गर्दै जाने मौका पाइरहेको छु। महान् रेयूकाई शिक्षा र संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशनलाई आफुले ग्रहण गर्ने मौका पाइरहेको छु। यस्तो महान् रेयूकाई शिक्षामा अन्तरहृदय देखि निरन्तर अभ्यासमा लागी रहने प्रतिज्ञा गर्दछु। धन्यवाद

# हस्तकला तालिम सम्पन

यूराशिया रेयूकाई संस्थापक अध्यक्ष एवं मुमाज्यूबाट मौका पाई सन् २०१४ सेप्टेम्बर ११, १२ र १३ तारीख सम्म समाज बिकास केन्द्र सानेपामा र सन् २०१४ सेप्टेम्बर १९, २० र २१ तारीख सम्म समाज बिकास केन्द्र सिलिगुढी भारतमा मुमा हिरोको मासुनागाज्यूको सकियतामा बिभिन्न हस्तकलाका सामाग्री बनाउने प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भयो। उक्त तालिममा सम्पूर्ण मिहाता शाखा र समाज विकास केन्द्रहरुबाट जम्मा ३३ जना महिलाहरु सहभागी हुनु भएको थियो। सहभागीहरुलाई सस्थापक अध्यक्षज्यूबाट कामना गरेर, भावना लगाएर बस्तु निर्माण गर्नुपर्छ बस्तु बनाउनु भनेको जीवन्त प्रदान गर्नु हो, जिम्मेवारी कर्तव्य पुरा गर्ने किसिमको वस्तु निर्माण गर्नुपर्दछ, भनि मार्गनिर्देशन प्रदान गर्नुभएको थियो।





सानेपा, नेपालका सहभागीहरु





सिलीगुढी, भारतका सहभागीहरु